# आवधिक विकास योजना

## (आ.व. २०७५/०७६ देखि २०७९/०८० सम्म)


## तिलाठी कोईलाडी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

तिलाठी, सप्तरी

प्रदेश नं. २, नेपाल

| | |
|---|---|
| दस्तावेज | आवधिक विकास योजना |
| प्रकाशक | तिलाठी कोईलाडी गाउँपालिका, तिलाठी, सप्तरी, प्रदेश नं. २, नेपाल |
| सर्वाधिकार | **प्रकाशकमा** |
| आर्थिक तथा प्राविधिक सहयोग | युनिसेफ, नेपाल unicef |
| मिति | २०७५ फाल्गुन ... गते |
| वेभसाइट | http://www.tilathikoiladimun.gov.np |
| ईमेल | **tilathikoiladigp@gmail.com** |

# विषयसूची

**विषयवस्तु** **पेज नं.**

## खण्ड-एक


| | |
|---|---|
| १. परिचय | १ |
| १.१ तिलाठी कोइलाडी गाउँपालिका र आवधिक योजना | १ |
| १.२ तर्जुमा गर्दा अपनाइएको कानूनी प्रावधान | २ |
| १.३ परिवर्तनको सिद्धान्त (Theory of Change) मा आवधिक विकास योजना तर्जुमा | २ |
| ❖ बहुविषयगत योजना | ३ |
| ❖ तुलनात्मक लाभका पक्ष समेटिएको साझा दस्तावेज | ३ |
| १.४ आवधिक योजना तर्जुमा गरिंदा लिइएका गाउँपालिकाको स्रोत आधार | ३ |
| ❖ उत्पादनशिल कृषियोग्य जग्गा | ३ |
| ❖ सिंचाई योग्य प्रचुर जलश्रोत | ३ |
| ❖ आर्थिक पूर्वाधार | ४ |
| ❖ सामाजिक क्षमता विकास | ४ |
| ❖ प्राकृतिक स्रोत तथा साँस्कृतिक सम्पदा | ४ |
| ❖ स्थानीय कानून निर्माण | ४ |
| ❖ न्यून आन्तरिक स्रोत तथा परिचालन क्षमता | ४ |
| ❖ साझेदारीको कमी | ४ |
| ❖ कृषियोग्य जमीनको अतिक्रमण र अव्यवस्थित वसोवास | ५ |
| ❖ बाढी, नदी कटान र तोपान | ५ |
| ❖ बढ्दो युवा वेरोजगारी | ५ |
| ❖ आर्थिक सबलताको अभाव | ५ |


## खण्ड-दुई


| | |
|---|---|
| २. वर्तमान अवस्था र आवधिक योजनाका लक्ष र नतिजा | ६ |
| २.१ वर्तमान अवस्था | ६ |
| २.२ विषयक्षेत्रगत समस्या तिनका कारणहरुको पहिचान र विश्लेषण | ६ |
| २.३ आवधिक विकास योजनाको सोच | १९ |
| २.४ लक्ष निर्धारण | १९ |
| २.५ विषय क्षेत्रगत लक्ष | १९ |
| २.६ विषयक्षेत्रगत नतिजा तथा सुचकहरुको अवस्था विश्लेषण | २० |
| २.७ नतिजाहरुको बार्षिक लक्ष्य निर्धारण | ३९ |
| २.८ प्रमुख नीतिहरु | ५४ |

## खण्ड-तीन


३. स्रोत व्यवस्थापन र अनुगमन ५५
३.१ वार्षिक तथा आवधिक लगानी अनुमान ५५
४. अनुगमन ७०
५. मूल्याङ्कन ७१
६. आवधिक योजना तर्जुमा गर्दा अपनाइएको पद्धति ७१
७. आवधिक विकास योजना तर्जुमा तयारी तथा संयोजन र सहजिकरण उपसमिति गठन ७१
८. योजना तर्जुमा अभिमुखीकरण कार्यशाला ७२
९. योजना तर्जुमा परामर्श कार्याशाला ७२
१०. आवधिक योजना दस्तावेज तयारी एवम् स्वीकृति ७२

**अनुसूची-१:** ७४

**तालिका-१** : तिलाठी कोईलाडी गाउँपालिकाको जनसंख्यायीक तथा जनघनत्व विवरण ६
**तालिका-२** : विषयक्षेत्रगत समस्या विश्लेषण ७
**तालिका-३** : विषयक्षेत्रगत नतिजा तथा सुचकहरुको अवस्था विश्लेषण २०
**तालिका-४** : आवधिक विकास योजनाको बार्षिक अनुगमन ३९
**तालिका-५** : आवधिक विकास योजनाको बार्षिक तथा आवधिक लगानी अनुमान ५५

# खण्ड-एक

## १. परिचय

### १.१ तिलाठी कोइलाडी गाउँपालिका र आवधिक योजना

नेपालको संविधानको अनुसूची ८ र ९ मा स्थानीय तहको अधिकार तथा साझा अधिकारहरुलाई राखिएको छ । गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा संविधान, सङ्घीय कानुन तथा प्रदेश कानुन प्रतिकूल नहुने गरी स्थानीय कानून बनाई त्यस्तो अधिकारको कार्यान्वयन गर्न गराउन सक्छन् । स्थानीय तहले अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्दा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन हुनेगरी गर्नुपर्छ । आफ्नो क्षेत्रको समग्र सामाजिक आर्थिक समुन्नतिका लागि गुणस्तरीय सेवा प्रवाह गर्दै लक्ष्य हासिल गर्ने सोचमा आधारित आवधिक योजनाले दिशा निर्देश गर्दछ ।

तिलाठी कोइलाडी गाउँपालिकाको आफ्नै किसिमको भौगोलिक विविधता, प्राकृतिक स्रोत सम्भाव्यता, आर्थिक, सामाजिक विकास र पूर्वाधारको अवस्था विद्यमान रहेको छ । यी विविधता र भिन्नताहरुलाई सम्बोधन गर्दै आफ्नो क्षेत्रको आर्थिक, सामाजिक र पूर्वाधारजन्य विकासको लक्ष्य प्राप्तिका लागि गर्नुपर्ने नतिजामूलक कामका लागि स्रोतको अनुशासित उपयोग र योजनाबद्ध कार्यान्वयनका लागि यो आवधिक विकास योजनाको प्रारुप तयार गरिएको हो ।

आवधिक योजनाको लक्ष्य र स्रोत अनुमानको बार्षिक योजनासँग नजिकको सम्बन्ध हुन नसकेकै कारण स्थानीय निकायहरुको आवधिक योजना तथा दीर्घकालीन योजनाहरु उपयोग विहीन हुन गएको र लगानी बारे प्रश्न लागेको अवस्था हो । यसर्थ यो आवधिक योजनालाई तिलाठी कोईलाडी गाउँपालिकाका मतदाताप्रतिको जिम्मेवारी पूरागर्न र निर्वाचित स्थानीय सरकारको आभास दिलाउनुमा केन्द्रित गरिएको छ । यो आवधिक योजना :-

- तिलाठी कोइलाडीका समग्र विकासलाई दिशा निर्देश गर्ने एक निर्देशक योजना (Indicative Plan) को रुपमा रहनेछ ।
- यसले परिवर्तनलाई आत्मसात गर्छ ।
- यसमा योजना गतिविधिहरु उल्लेख भएका छैनन् ।
- योजना गतिविधि तथा कार्यक्रमहरुमा पटक पटक गरिने फेरबदल रोक लगाइ लक्ष्य प्राप्तिका लागि उपक्रमहरु कार्यान्वयन गर्न बाध्य बनाउँछ ।
- यसले लिएका लक्ष्य र विभिन्न विषयक्षेत्रगत लक्ष्यहरु पूरा गर्न नतिजाहरु निकालिन्छ र ती नतिजाहरु हासिल गर्न क्रमिकरुपमा वार्षिक योजनाहरु बनाइ कार्यान्वयन गरिनेछ ।
- बार्षिकरुपमा गरिएको लगानीको सदुपयोग बारे मध्यावधि समीक्षाका समय बताउनेछ ।
- यसले स्थानीय दलीय राजनैतिक प्रतिबद्धता जाहेर गरेको छ ।
- यो एक स्थानीय कानून हो । यसको कार्यान्वयन बारे गाउँ सभाले र नागरिकले प्रश्न उठाउन सक्छन् ।

## १.२ तर्जुमा गर्दा अपनाइएको कानूनी प्रावधान

नेपालको संविधानले व्यवस्था गरेको नागरिकका मौलिकहक, राज्यका निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयन स्थानीयतहले कार्यकारिणी अधिकार प्रयोग गरी गर्न सक्छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्येक गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउनुपर्ने भनेको छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले राजस्व बाँडफाँट, सङ्घीय विभाज्य कोष, प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान,बैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरु कार्यान्वयन गर्न बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने र मध्यमकालिन खर्च संरचना समेत तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।

चौधौं योजनाले प्रदेश तथा स्थानीयतहहरू बीच अन्तरसम्बन्धका आधारमा पूर्वाधारहरूको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरूमा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । साथै अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता जाहेर गरेका दिगो विकासका लक्ष्यहरु पूरा गर्न आ-आफ्नै तहबाट सघाउनुपर्ने प्रावधान रहेको छ ।

प्रस्तुत आवधिक योजना तर्जुमा गर्दा उल्लेखित प्रमुख कानूनी प्रावधानका अतिरिक्त देहायका अन्य सान्दर्भिक नीति तथा सङ्घीय कानुनका प्रावधानहरुका आधारमा गरिएको हो ।

- आर्थिक कार्यविधि ऐन, २०५५
- सार्वजनिक खरिद ऐन, २०६३
- राष्ट्रिय भू-उपयोग नीति, २०६९
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता
- तिलाठी कोईलाडी गाउँपालिकाको आर्थिक ऐन, २०७५
- तिलाठी कोइलाडी गाउँपालिकाको विनियोजन ऐन, २०७५

## १.३ परिवर्तनको सिद्धान्त (Theory of Change) मा आवधिक विकास योजना तर्जुमा

योजनाको संचालनबाट प्राप्त हुने नतिजाले योजना सञ्चालन अघि र पछिको अवस्थामा सकारात्मक परिवर्तन आएको देखाउन सक्नुपर्छ । यस्तो सामाजिक परिवर्तन नतिजामूलक (result based) बनाइ योजना तर्जुमाका लक्ष प्राप्तिका सम्बन्ध खोज्दै आवश्यक पूर्वशर्तहरुको पहिचान गर्ने काम महत्वपूर्ण हुन्छ । प्रस्तुत आवधिक योजना तर्जुमा गर्दा परिवर्तनको सिद्धान्तलाई अबलम्वन गरी देहायका विशेषतायुक्त बनाउन ध्यान पुऱ्याइएको छ ।

### ❖ बहुविषयगत योजना

स्थानीय स्तरमा विकासको समग्र पक्षलाई समेट्ने स्थानगत विशेषताहरूमा आधारित र दिगो विकासको अवधारणा कार्यान्वयन गर्न समावेशीता, न्यायोचित वितरण, कानूनी राज्य, स्थानीय नेतृत्वको विकास, संस्थागत विकास जस्ता विषयहरुबाट यो निर्देशित छ ।

व्यवस्थित सहरी स्वरुप र सहरी विकासका लागि यो आवधिक विकास योजनाले निम्न विषयहरुलाई योजनाको एक महत्वपूर्ण हिस्साको रुपमा समेत समेटेको छ ।

- जोखिम सम्वेदनशील भू-उपयोग
- सहरी यातायात
- जग्गा विकास तथा एकीकरण
- वातावरण व्यवस्थापन
- मुख्य बजार केन्द्रको विकास

### ❖ तुलनात्मक लाभका पक्ष समेटिएको साझा दस्तावेज

स्थानीयतहको स्थलगत विशेषता, गाउँ नगरबीचको सबै प्रकारको भिन्नता र समानता, गाउँ नगरबीचको अन्तरसम्बन्ध, फरक फरक आर्थिकस्तर र स्थान विशेषका खास भौतिक संरचना ( landmarks) लगायत गाउँपालिकाको तुलनात्मक लाभका विषय र विशेषताको उपयोग गरिएको छ ।

तुलनात्मक लाभका विषय समेटिएको दस्तावेज तयार गर्दा स्थानीयतहमा विकाससँग सम्बन्धित सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्र समेतको संलग्नतामा तर्जुमा गरिएको र स्रोत साझेदारी र कार्यान्वयनमा साझा दृष्टिकोण निर्माण गरिएको छ ।

## १.४ आवधिक योजना तर्जुमा गरिंदा लिइएका गाउँपालिकाको स्रोत आधार

### ❖ उत्पादनशिल कृषियोग्य जग्गा

तिलाठी कोईलाडी गाउँपालिकामा उत्पादनशिल कृषियोग्य क्षेत्रको बाहुल्य रहेको छ । यस गाउँपालिकामा समथर क्षेत्रको उत्पादशील क्षेत्र रहेको छ । अनुकुल कृषि भूमिका कारण कृषि उत्पादनको विविधता तथा व्यवसायीकता सम्भव छ ।

### ❖ सिंचाई योग्य प्रचुर जलश्रोत

बर्षैभरी पानी रहने खोला गाउँपालिकामा रहेको छैन । कृषि, पर्यटन तथा उद्योग जस्ता क्षेत्रको विकासको संभावना देखिन्छ । व्यवसायीक कृषि प्रणालीको विकास गर्न सिंचाइ सुविधा बिस्तार गर्ने जग्गा उपलब्ध छ ।

### ❖ आर्थिक पूर्वाधार

सडक, विद्युत तथा संचार क्षेत्रका पूर्वाधारको न्यूनतम उपस्थितिका कारण सडक यातायात, सूचना तथा संचार प्रणाली र प्रविधिको उपयोगको अवसर प्रदान गरेको छ। पूर्व पश्चिम राजमार्ग गाउँपालिकाबाट करिब १९ कि.मि. रहेको छ। प्रदेश नं. २ को राजधानी जनकपुर यस गाउँपालिका देखि १३४ किलोमिटरको दुरीमा रहेको छ।

### ❖ सामाजिक क्षमता विकास

गाँउपालिकाको सामाजिक सशक्तिकरणका लागि नागरिकस्तरका विभिन्न मंच, सचेतना केन्द्र, महिला समूह, विषयगत समूह, अधिकारमुखी समूह, सञ्जाल तथा गैससहरूको क्रियाशिल उपस्थिति छन्।

### ❖ प्राकृतिक स्रोत तथा साँस्कृतिक सम्पदा

अत्यन्त उत्कृष्ट र सुन्दर परम्परागत भूउपयोग प्रणाली रहेको यस गाउँपालिका क्षेत्रमा विविधतायुक्त प्राकृतिक, स्थानीय साँस्कृतिक स्थानीय एवम् क्षेत्रस्तरमा पर्यटन विकासका लागि सम्भावना हुन्। यस गाउँपालिका भएर बगेको कोशी नदी पर्यटकीय दृष्टिकोणले महत्व बोकेको र पर्यटनको उच्च सम्भावना बोकेको छ।

### ❖ स्थानीय कानून निर्माण

गाउँपालिकाका लागि आवश्यक र आफैले बनाउनुपर्ने कानूनहरुको हकमा (कार्यसम्पादन) नियमावली, २०७४, कार्य विभाजन नियमावली, गाउँ सभाको सञ्चालन तथा व्यवस्थापन (कार्यविधि) नियमावली, विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, शिक्षा नियमावली, स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, गाउँपालिकाको सहकारी ऐन लगायत आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरु तर्जुमा भएका छन्।

यसैगरी स्रोत व्यवस्थापन गर्नेक्रममा देखिएका निम्न कमजोर पक्षलाई समेत योजना तर्जुमा गर्दा ध्यानमा राखिएको छ।

### ❖ न्यून आन्तरिक स्रोत तथा परिचालन क्षमता

प्रदत्त संवैधानिक वित्तीय अधिकारको उपयोग गरी आन्तरिक आय संकलन तथा परिचालन गरिएपनि अपेक्षाकृत संकलन तथा परिचालन गर्न सकेको अबस्था छैन।

### ❖ साझेदारीको कमी

गाउँपालिका क्षेत्रमा कृयाशील गैससहरु थोरै मात्र छन्। एक दुई वटा त्यसमा पनि सानो स्रोतमा आधारित छन्। तिनीहरुसँगको स्रोत र लागत साझेदारीका योजनाहरु थोर बहुत रुपमा सम्भावना देखिएको छ। तिनका कार्यक्रमहरु वितरणमुखी रहेका छन् भने अर्कोतर्फ ठोस तथा उत्पादनमूलक कार्यक्रमहरू न्यून रहेका छन्।

### ❖ कृषियोग्य जमीनको अतिक्रमण र अव्यवस्थित वसोवास

गाँउपालिकाको प्रमुख स्रोतको रूपमा रहेको कृषि क्षेत्र बढ्दो सहरीकरणका कारण बसोबास क्षेत्रमा परिणत हुने गरेको अवस्था छ । अव्यवस्थित रहेको बसोबासका कारण वस्ती कुरुप देखिने तथा समुचित सेवा सुविधाबाट समेत वञ्चित हुने अवस्था रहेको छ ।

### ❖ बाढी, नदी कटान र तोपान

तिलाठी कोइलाडी गाउँपालिका विभिन्न खाले प्राकृतिक प्रकोपको प्रभावमा रहेको गाउँपालिका हो । यस गाउँपालिकालाई बर्सेनी बाढीले नराम्ररी प्रभावित गर्दै आएको छ । बाढीको कारण एकातिर घरबार विहिनताको अवस्था आउने गरेको छ भने अर्कोतिर बाढीले बगाएर ल्याउने गरेको बालुवाका कारण खेतीयोग्य जग्गा तोपानको समस्याबाट गुज्रिरहेको अवस्था छ । सिङ्गो गाउँपालिका बाढीसँगै कटान, तोपान, शीतलहर, आगलागी जस्ता प्रकोपबाट प्रभावित रहेको छ ।

### ❖ बढ्दो युवा वेरोजगारी

आन्तरिक स्रोतको कमीका कारण युवा लक्षित कार्यक्रम सञ्चालन गर्न नसक्दा युवा बेरोजगारीको अवस्था रहेको छ । आन्तरिक स्रोतको कमीको कारण उपयुक्त कार्यक्रम तर्जुमा र लगानी हुन नसक्दा कृषि, उद्योग, पर्यटन जस्ता क्षेत्रमा आवश्यक रोजगारी सिर्जना हुन सकेको छैन । व्यवसायमूलक र रोजगारमूलक शिक्षाको कमी, कृषिलाई व्यवसायिकरण तथा आधुनिकीकरण गर्न नसकिएको कारणले बढेको युवा बेरोजगारी लक्षित कार्यक्रम तर्जुमा आवश्यक भएको छ ।

### ❖ आर्थिक सबलताको अभाव

गाउँपालिकाका बासिन्दाहरु मूलभूत रुपमा कृषिमा आधारित रहेका छन् । यहाँका बासिन्दाहरु आर्थिक रुपमा खासै सबल रहेको देखिदैन । आर्थिक परिचालनको हिसाबले केही कुनै पनि कलकारखाना, उद्योगधन्दा नरहेको कारण आर्थिक उपार्जनमा समस्या देखिएको छ । आर्थिक उपार्जन हुने खालका उद्योगधन्दाको आवश्यकता देखिएको छ । न्यून आर्थिक स्रोतका कारण गाउँपालिकाले आर्थिक सबलताका लागि कार्यक्रमहरु तर्जुमा गर्न नसकेको हो ।

# खण्ड-दुई

## २. वर्तमान अवस्था र आवधिक योजनाका लक्ष र नतिजा

### २.१ वर्तमान अवस्था

प्रदेश नम्बर २ को सप्तरी जिल्लामा रहेका ९ वटा गाउंपालिका मध्ये तिलाठी कोईलाडी गाउँपालिका एक हो जुन सप्तरी जिल्लाको पूर्वी दक्षिण क्षेत्रमा पर्दछ । साविकका तिलाठी, लौनियाँ, सकरपुरा, कोईलाडी, को. बर्साइन, को. मधेपुरा र बभनगामाकट्टी गरी सात वटा गाउँ विकास समितिहरु मिलेर निर्माण भएको यो गाउँपालिकामा जम्मा आठ वटा वडाहरु छन् । यस गाउँपालिकाको भूक्षेत्रफल ३३ वर्ग किलोमिटर रहेको छ । समुद्री सतहदेखि करिव ७५ मिटर उचाईमा रहेको यस गाउँपालिकाको जम्मा जनसंख्या ३८,३६५ रहेको छ । गाउँपालिकाको आधारभूत जानकारी तलको *तालिका-१* मा यसरी उल्लेख गरिएको छ :-

**तालिका-१** : तिलाठी कोईलाडी गाउँपालिकाको जनसंख्यायीक तथा जनघनत्व विवरण

| वडा नं. | घर परिवार संख्या | महिला | पुरुष | जम्मा | क्षेत्रफल वर्ग कि.मि. | औषत जनसंख्या | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| 1 | 753 | 1985 | 2243 | 4228 | 3=53 | 5=61 | 1197=7 |
| 2 | 701 | 1772 | 2036 | 3808 | 3=93 | 5=43 | 968=96 |
| 3 | 1052 | 2570 | 2781 | 5351 | 3=64 | 5=09 | 1470=1 |
| 4 | 878 | 2328 | 2576 | 4904 | 3=86 | 5=59 | 1270=5 |
| 5 | 1207 | 3142 | 3392 | 6534 | 7=8 | 5=41 | 837=69 |
| 6 | 607 | 1091 | 1285 | 2376 | 2=37 | 3=91 | 1002=5 |
| 7 | 1154 | 3449 | 3159 | 6608 | 4=41 | 5=73 | 1498=4 |
| 8 | 781 | 2088 | 2468 | 4556 | 3=38 | 5=83 | 1347=9 |
| जम्मा | **7133** | **18425** | **19940** | **38365** | **32=92** | **5=38** | **1165=4** |

**स्रोत** : तिलाठी कोईलाडी गाउँपालिकाको पार्श्व चित्र, २०७५

### २.२ विषयक्षेत्रगत समस्या तिनका कारणहरुको पहिचान र विश्लेषण

गाउँपालिकाले आफ्नो स्थानीय बासिन्दाको जनजिविका उत्थानका लागि सामना गर्नुपरेको समस्याको पहिचान गरेर नै लक्ष निर्धारण गर्ने र त्यस्ता लक्ष प्राप्तिका लागि योजना बनाउने अवधारणा अनुरुप विषयक्षेत्रगत रुपमा प्रमुख समस्याहरुको पहिचान गरी ती समस्याका कारणहरु पता लगाइएको हो । यस्ता समस्या वा अबरोध हटाउन कारकहरुको पहिचान गरी विषयगत निर्धारण गरेर सोही आधारमा आवधिक योजनाको लक्ष निर्धारण गरिएको हो । आवधिक योजना तर्जुमा लागि अपनाइएको चरणगत प्रकृया

र पद्धति ***अनुसूची-१*** मा राखिएको छ । योजना तर्जुमा लागि अपनाइएको चरणगत प्रकृया र पद्धतिका लागि गाउँपालिकाले छुट्टै कार्यविधि बनाइ पारित गरेको हो ।

निर्धारित कार्यविधि अनुरुप पाँचवटा विभिन्न विषयगत समितिहरु (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकास) ले आ-आफ्ना विषय क्षेत्रगत र उपक्षेत्रगत सम्बन्धित विषयहरुका समस्या पहिचान गर्दै लक्ष निर्धारण गर्न तिनका कारण समेतको विश्लेषण तलका ***तालिका-२*** मा यसरी प्रस्तुत गरिएको छ :-

**तालिका-२ : विषयक्षेत्रगत समस्या विश्लेषण**

**आर्थिक विकास**

| क्र.स. | समस्या | कारण | परिणाम/असर | के गर्दा अवरोध/समस्या हटाउन मदत मिल्छ ? | समस्यासँग सम्बन्धित लक्ष के हुन सक्छ ? |
|---|---|---|---|---|---|
| १ | कृषि उत्पादनमा कमी | उन्नत जातको विउविजनको अभाव | अरुको माथी निर्भर हुनु | गाउँपालिका भित्र उन्नत जातको विउविजन बृद्धि तथा उत्पादन गर्ने | गा.पा. भित्र उन्नत जातको विउविजनको कमी नहुनु |
| | | मलखाद्यको अभाव | मलखाद्य र सिंचाईको अभावले उत्पादनमा कमी हुनु | गा.पा. भित्र कम्पोष्ट मल तथा जैविक मलको आपूर्ति व्यवस्था मिलाउने | गा.पा. भित्र कम्पोष्ट मल र जैविक मलको कमी नहुनु |
| | | सिंचाईको कमी | | कुलो पैनी तथा डिप बोडिंगको व्यवस्था मिलाउने तथा सिंचाईको समस्या मुक्त गर्ने | कुलो पैनी तथा बोडिंग भएमा सिचाईको अभावबाट मुक्त नहुनु र किसानको हातमा पानी हुनु |
| २ | पशु विकासका साथै दुध र मासु उत्पादनमा कमी | उन्नत जातको पशुपालनको कमी | स्व रोजगारको अवसरबाट बञ्चित | उन्नत पशुपालन क्षेत्रमा श्रोत केन्द्र पैकेज रुपमा सञ्चालन गर्ने | पशुपालन प्रति जनचेतना तथा शिप मुलक तालिम हुनु |
| | | ऋणको अभाव | कुपोषण हुनु | | |
| | | जनचेतनाको कमी | | | |
| ३ | पर्यटनको क्षेत्रमा बाटोघाटोको अभाव | | बाटोघाटोको कमीले पर्यटन क्षेत्रमा कमी हुनु | बाटो घाटो र नदि नालामा पुलको निर्माण गर्ने | पर्यटकको आवत जावतमा सुविधा हुनु |
| ४ | सहकारी तथा हाट बजारको व्यवस्थामा कमी | | स्वच्छ र ताजा समानहरुको साथै सागसब्जीको कमी हुनु | गा.पा.बाट हाटबजारको व्यवस्थापन गर्नुपर्ने | स्वच्छ र ताजा सागसब्जी उपलब्ध हुनु |
| ५ | वितिय क्षेत्र अन्तर्गत बैंकको व्यवस्थामा कमी | | बैंकको अभावले कारोवार गर्न अप्ठयारो हुनु | प्रत्येक वडामा बैंकको व्यवस्था हुनु पर्ने | कुनै पनि कारोवार अप्ठयारो नहुनु |

## सामिाजक विकास

शिक्षा

| क्र.स. | समस्या | कारण | परिणाम/असर | के गर्दा अवरोध/समस्या हटाउन मदत मिल्छ ? | समस्यासँग सम्बन्धित लक्ष के हुन सक्छ ? |
|---|---|---|---|---|---|
| १ | शिक्षाको गुणस्तर खस्किएको | विषयगत शिक्षकको अभाव | | विषयगत शिक्षकको संख्या बढाउने | |
| | | कक्षाकोठाको अभाव | | आवश्यकता अनुसार कक्षा कोठाको निर्माण गर्ने गराउने | |
| | | बालमैत्री, अपाङ्गतामैत्री, लैगिंकमैत्री शिक्षाको अभाव (बाल विकास केन्द्र समेत) | | बालमैत्री शिक्षा दिने व्यवस्था मिलाउने | |
| | | मातृभाषामा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक, शैक्षिक सामग्री नहुनु तथा उपलब्ध सामग्री प्रयोग नहुनु | | मातृभाषाको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक तथा शैक्षिक सामग्री बनाउने र उपलब्ध सामग्रीको प्रयाप्त प्रयोग गराउने | |
| २ | शिक्षामा पहुँचको अभाव | विद्यालय अपाङ्गतामैत्री नहुनु | | विशेष विद्यालयको स्थापना गराउने | |
| | | जनचेतनाको (शिक्षाको महत्वको वारेमा स्पष्ट जानकारी नहुनु) कमी | | जनचेतना जागाउने अभियान सञ्चालन गर्ने | |
| | | आर्थिक विपन्नता हुनु | | आय आर्जन हुने क्रियाकलापमा अभिभावकको संलग्नता गराउने | |
| | | बाल शैक्षिक प्रर्दशन मेला नहुनु | | | |
| ३ | शिक्षामा समुदायको | सबै विद्यालयमा | | SMC, PTA को गठन गर्ने र गठन भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सक्रिय सहभागितामा कमी हुनु | SMC, PTA को गठन नभएको र भएकोमा सक्रिय पनि नभएको | | ठाउँमा सक्रिय गराउने | |
| | | SMC मा बालवालिका तथा बालक्लवको सहभागिता नहुन | | SMC मा बालबालिकाको सहभागिता हुने नीति निर्माण गरी कार्यान्वयन गर्ने | |
| ४ | खेल मैदान तथा खेल सामग्रीको अपर्याप्ता | योजना नै नहुनु | | बार्षिक योजनामा खेल मैदान तथा खेल सामग्रीको प्राथमिकता दिने | |
| | | खेल मैदान भएपनि अव्यवस्थित अवस्थामा भएको | | भएको खेल मैदानलाई घेराबार, बगैचा लगाई व्यवस्थित गर्ने | |
| | | पम्परागत सोच लैगिंक विभेद सामाजिक मुल्य मान्यता | | परम्परागत सोच, लैगिंक विभेद, सामाजिक मुल्य मान्यताले ओगटेको नकारात्मक सोचलाई हटाई आधुनिक सोच मान्यताको स्थापना गराउने | |
| ५ | यौनजन्य दुर्व्यवहार | फितलो कानून कार्यन्वयन | | प्रहरीसँग समन्वय र सहकार्य | यौन जन्य दुर्व्यवहारमा कमि आएको |
| | | पिडितलाई सहयोगको कमी | | न्यायिक समितिलाई सक्रिय बनाई पिडितलाई सहयोग गर्ने कोषस्थापना | |
| | | पुरुपको मनपर्दी | | यौनजन्य दुर्व्यवहार घटाउन पुरुषको सहभागिता | |
| | | प्रतिष्ठाको डरले उजुरी नगर्नु | | साकारात्मक व्यवहार परिवर्तनको अभियान | |
| | | प्रविधिको दुरुपयोग | | | |
| ६ | बालश्रम | आर्थिक विपन्नता (गरीवी) | | गरिव परिवारको पहिचान र सहयोग | बालश्रममा कमि आएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सामाजिक स्वीकार | | | |
| | | लहैलहै तथा देखासिकी | | वालश्रमको पहिचान र पून: स्थापना | |
| ७ | जन्मदर्ता | चेतनाको कमि, महत्व र प्रभावकारी कार्यक्रमको अभाव | | लक्षित क्षेत्रमा नियमित अभियान र प्रोत्साहान | सवै बालबालिकासँग जन्मदर्ता भएको |
| ८ | पहिचानको आधारमा भ्रुण हत्या | दाईजो प्रथा | | प्रभावकारी नियम कानून र कार्यान्वयन | भ्रुण हत्या अन्तय भएको |
| | | भेदभाव (छोराछोरी बीच) | | सचेतनामुलक अभियान | |
| | | वियमक निकायको निष्कृयता | | महिला स्वास्थ्य कार्यक्रम सञ्चालन | |
| ९ | बालबालिका विरुद्धको हिंसा | वालवालिकाको अधिकार स्वीकार नगर्नु | | गुनासा सुनुवाई कक्षको व्यवस्था | हिंसामा कमी |
| | | अवधारणागत त्रुटी (दण्ड सजायको विकल्प थाहा नहुनु) | | साकारात्मक अनुशासन पद्धती विकास र भयरहित सिकाइको विकास | सिकाई गुणस्तर बढने |
| | | विद्यालयमा गुनासो सुनवाई नहुनु | | | |

स्वास्थ्य

| क्र.स. | समस्या | कारण | परिणाम/असर | के गर्दा अवरोध/समस्या हटाउन मदत मिल्छ ? | समस्यासँग सम्बन्धित लक्ष के हुन सक्छ ? |
|---|---|---|---|---|---|
| १ | आमा र ५ वर्ष मुनिका बच्चाहरुमा कुपोषण | पोषणयुक्त खानेकुराको जानकारी नहुन | | महिना महिनामा वृद्धि अनुगमन गर्ने | सबै स्वास्थ्य संस्थामा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराई आमा र बच्चाको मृत्यु दर घटाउने |
| | | पुरानो मान्यता अन्तर्गत सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खान | | आमा वुवालाई पोषण शिक्षा दिने | |
| | | | | पोषण शिक्षामा हरेक छाक खाना चारको वारे वर्णन गर्ने | |
| | | | | करेसावारी, पशुपंक्षी पालनमा प्रोत्साहित गर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नदिनु | | हातधुने चरण वारे सिकाउने | |
| | | पूर्ण स्तनपानको अभ्यास नहुनु र पूरक खानाको ज्ञान नहुनु | | पूर्ण स्तनपान, पूरक खाना र आमाको दुध ६ महिना पछि २ बर्ष सम्म लगातार खुवाउनको लागि परामर्श, प्रचाार प्रसार गर्ने | |
| | | दक्ष जनशक्ति र प्रवधिको अभाव | | सीपमूलक तालिमको पहिचान गरी तालिमहरु सञ्चालन गर्ने | |
| २ | किशोरी, गर्भवति महिला र ५ वर्ष मुनिका बच्चाहरुमा रक्तअल्पता | महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धि जानकारी नहुनु | | सबै शाखाहरु पहिचान गरी औजार, उपकरण, भवन, औषधि र जनशक्ति उपलब्ध गराउने | |
| | | व्यक्तिगत र संस्थागत शौचालयहरुमा फोहोर फाल्ने ठाउँ र प्याड विसर्जन गर्ने व्यवस्था नहुन | | | |
| ३ | प्रभावकारी स्वास्थ्य सेवा नहुनु | बालविवाह हुनु र कमै उमेरमा बच्चा पाउँनु | तालिम प्राप्त स्वास्थ्य जनशिक्त नहुनु (Trained SBA & ASRH) | बालविवाह रोक्नका लागि गा.पा.ले नीति नियम बनाई बालविवाह मुक्त गाउँ, समाज, गाउँपालिका बनाउने | |
| | | गा.पा. अन्तर्गत २ वटा वडा (६ र ७ वडा) मा भवन नहुनु साथै अन्य स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा सुविधा नहुनु (मैत्रीपूर्ण नहुनु) | बर्थिंग सेन्टरमा चाहिने उपकरण नहुनु र समुदायका मानिसहरुमा स्वास्थ्य सेवाको वारेमा अज्ञानता | गाउँपालिकाबाट वडा नं. ६ र ७ मा स्वास्थ्य चौकी स्थापनाको लागि केन्द्रमा माँग गर्ने | |
| | | | | वडाले जग्गा उपलब्ध गराउने | |
| | | | | गा.पा.बाट भवनको निर्माण गर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सबै स्वास्थ्य संस्थामा बर्थिंग सेन्टर स्थापना गर्ने | |
| | | | | स्वास्थ्य चौकीहरु माथिल्लो स्तर र गा.पा.बाट सुपरभिजन गर्ने | |
| | | | | सबै स्वास्थ्य संस्थामा गुणस्तर स्वास्थ्य सेवा गा.पा.बाट सुनिश्चितता गर्ने | |
| | | | | स्वास्थ्य संस्थामा उपलब्ध सेवाहरु वारे जनमानसमा जानकारी गराउने | |
| ४ | पाठेघर खस्ने समस्या (आंग झर्ने) | बाल विवाह हुने प्रथा | | | |
| | | धैरै सन्तान जन्माउने प्रथा | | | |
| | | घरमा सुत्केरी गरउने | | घरमा सुत्केरी नगराउन सबै स्वास्थ्य संस्थामा बर्थिंग सेन्टर सञ्चालन गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउने | |
| | | | | आमालाई यातायात खर्च दिने | |
| | | | | बच्चालाई न्यानो झोला उपलब्ध गराउने | |
| | | | | आमालाई बलाईनकेट र सुपरनेट झुल उपलब्ध गराउने | |
| | | सुत्केरी पछि गाह्रो भारी बोकाउने | | | |
| | | पोषण युक्त खाना नखानु | | | |
| ५ | बार्षिक झाडापखाला | असुरक्षित खानेपानीको प्रयोग (कल र पोखरी) | | सफा र सुरक्षित पानीको प्रयोग | |
| | | | | बासी सडेगलेका खाना नखाने | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सरसफाई (हात धुने बानी) को कमी | | साबुन पानीले मिचिमिचि हात्त धुने | |
| | | | | खाना राम्रोसँग छोपेर राख्ने | |
| | | बर्षेनी बाढीको समस्या | | बाढीबाट जोगिन नदि नियन्त्रण गर्ने बाँधको व्यवस्था गर्ने | |
| | | | | बाढी आएर गाउँमा पसे भने त्यो ठाउँमा सफा र सुरक्षित खाना पानीको व्यवस्था गर्ने | |
| | | | | स्वास्थ्य शिक्षा दिने | |

खोनपानी तथा सरसफाई

| क्र.स. | समस्या | कारण | परिणाम/असर | के गर्दा अवरोध/समस्या हटाउन मदत मिल्छ ? | समस्यासँग सम्बन्धित लक्ष के हुन सक्छ ? |
|---|---|---|---|---|---|
| १ | सुरक्षित खानेपानीको अभाव | सुरक्षित खानेपानीको वारेमा जानकारीको अभाव | | खानेपानी शुद्धिकरण गरेर खाने प्रविधि वारेमा जानकारी गराउने र व्यक्तिगत तथा संस्थागत रुपमा प्रयोग गर्ने | सुरक्षित र पर्यापत पानीमा सबैको समान पहुँच । |
| | | व्यवहार परिवर्तन नगर्नु | | | सबै समुदायहरु सुरक्षित पानी पिउन सम्पूर्ण घोषण भएको |
| | | खानेपानीको परीक्षण नहुनु | | समय समयमा खानेपानीको परीक्षण | घर घरमा शौचालय निर्माण भई सबैले प्रयोग गर्ने गरेको हुनेछ |
| | | गा.पा.स्तरीय सुरक्षित खानेपानीको योजना नहुनु | | गा.पा.स्तरीय खानेपानी योजना तथा कार्यान्वयनको दिर्घकालिन योजना बनाउने | आधारभुत सरसफाई र स्वच्छतामा सबैको पहुँच पुगेको हुनेछ |
| २ | सरसफाईमा कमी | | | एक घर एक चर्पीको निर्माण र प्रयोगमा सुनिश्चित गर्ने | गा.पा. स्तरीय खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी योजना निर्माण भई कार्यान्वयन भएको हुनेछ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्ने | ५ वर्ष मुनिका बालबालिकाको मुत्युदर घटने, पुडकोपन घट्ने र महिलाको समस्या बचत भई नेतृत्वमा पहुँच भएको हुनेछ |
| | | | | दिसाजन्य तथा लेदो व्यवस्थापन योजना वनाउने | |
| | | | | व्यक्तिगत र संस्थागत शौचालयहरु प्रयोग मैत्री बनाउने | |
| | | | | महिनावारी स्वच्छ व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्ने | |
| | | | | सार्वजनिक शौचालयहरुको प्रयोग व्यवस्थापन गर्ने | |
| | | | | दिगोपनाको लागि संस्थागत व्यवस्थपान गरी अनुगमन गर्ने | |
| ३ | स्वच्छताको अभाव | स्वच्तछता सम्बन्धि व्यवहारमा जानकारी नहुनु | | स्वच्छता प्रवर्द्धनको लागि विभिन्न स्तरमा सचेतनामुलक कार्यक्रमहरु गर्ने | |
| | | हातधुने व्यवस्था, फोहोरमैला व्यवस्थापन, व्यक्तिगत सरसफाई र वातावरणीय सरसफाईमा ज्ञानको अभाव | | पालिका स्तर र वडा स्तरमा WASH-CC बनाई क्रियाशिल वनाउने | |
| | | फोहोमैलाको उचित व्यवस्थापन नहुनु र फोहर व्यवस्थापनको लागि प्राविधिक ज्ञान नहुनु | | दिर्घकालिन योजना वनाउने | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | खुल्ला दिशायुक्त क्षेत्र भएको | एक घर एक चर्पि नहुनु भएका चर्पिहरु प्रयोग नहुनु, | खुल्ला ठाउँमा शौच गर्ने बानी व्यवहार परिवर्तन नहुनु | | |
| | | सार्वजनिक र संस्थागत मैत्रीपूर्ण शौचालयहरु पर्याप्त नहुनु | सार्वजनिक र संस्थागत शौचालयहहरुको व्यवस्थापन नहुनु र प्रयोग मैत्री नहुनु | | |

लैंगिक समानता तथा समाजिक समावेशीकरण

| क्र.स. | समस्या | कारण | परिणाम/असर | के गर्दा अवरोध/समस्या हटाउन मदत मिल्छ ? | समस्यासँग सम्बन्धित लक्ष के हुन सक्छ ? |
|---|---|---|---|---|---|
| १ | छोरा छोरीमा भेदभाव | महिलालाई दोश्रो दर्जामा राख्नु तथा पितृ सतात्मक समाजिक संरचना | | | |
| २ | बाल विवाह | दाइजो प्रथालाई सामाजिक मान्यताको रुपमा स्वीकार्य गरेको | | | |
| ३ | घरेलु हिंसा (शोषण, दमन गाली गर्नु, हेपाई, कुटपीट) | परिवारमा छोरी र बुहारी बीचको फरक फरक व्यवहार | | | |
| ४ | दाइजो प्रथा | रुढीवादी परम्परागत सोच | | | |
| ५ | बहु विवाह | महिलाहरुलाई शिक्षा र आय आर्जनमा समान अवसर नदिनु | | | |
| ६ | बालश्रम | छोराको प्राथमिकता | | | |

पूर्वाधार विकास

| क्र.स. | समस्या | कारण | परिणाम/असर | के गर्दा अवरोध/समस्या हटाउन मदत मिल्छ ? | समस्यासँग सम्बन्धित लक्ष के हुन सक्छ ? |
|---|---|---|---|---|---|
| १ | सडक तथा | अपरियाप्त | यातायातको पहुँच | आवश्यक स्रोत साधन | यातायात सम्बन्धी |

| | | | | | |
|---|---|---|---|---|---|
| | पुलको अभाव | स्रोत साधन<br>अपरियाप्त जग्गा<br>राजनैतिक अवरोध<br>रोड नेटवर्क र MTMP जस्ता प्राविधिक कठिनाईको अभाव | नहुनु विकास निर्माण कार्यमा अवरोध हुनु | जुटाई बाटो फराकिलो पार्ने | दिर्घकालिन विकासका लागि पकी सडक तथा पुल निर्माण गर्ने |
| २ | सिचाईको अभाव | अपरियाप्त स्रोत साधन | लगानी अनुसारको उत्पादन नहुनु | प्राविधिक तथा आर्थिक स्रोत साधनको व्यवस्था गर्ने | पूर्ण सिंचाईको सुविधा विस्तार गर्ने |
| ३ | क्षेत्रगत मैत्रीपूर्ण भवनको अभाव | आवश्यक जग्गा नहुनु श्रोत साधन नहुनु | गुणस्तरीय शिक्षा स्वास्थ्य तथा प्रशासनिक सेवामा कठिनाई | स्रोत साधन तथा आवश्यक जग्गा उपलब्ध गराउने | सुविधायुक्त क्षेत्रगत भवन निर्माण गर्ने |
| ४ | उर्जा तथा बैकल्पिक उर्जा समेतको अभाव | जलविधुतको पहुँच पूर्णरुपमा नहुनु र वैकल्पीक उर्जा तिर आकर्षण नहुनु | उद्ययोग कल करखाना स्थापना हुन नसक्नु र कृषि क्षेत्र समेत प्रभावित हुनु | जल विधुतको पहुँच पूर्ण रुपमा गर्ने र वैकल्पीक उर्जा प्रयोगको लागि प्रोतसाहित गर्ने | उर्जा तथा वैक्लपिक उर्जाको लागि समुचित व्यवस्था मिलाउने |
| ५ | आधुनिक सञ्चार व्यवस्था सहज नहुनु | सरकारी तथा निजी क्षेत्रबाट लगानी तथा रेखदेखको अभाव, पत्रपत्रिका सहज रुपमा उपलब्ध नहुनु | आधुनिक शिक्षा स्वास्थ्य जस्ता सेवामा असर देखा पर्नुको साथै आधुनिक प्रविधि अवलम्वन गर्न नसक्नु | हाई स्पीड इन्टरनेटको व्यवस्था मिलाउने र पत्रपत्रिकाको पहुँच जनमानस समक्ष पुऱ्याउने | प्रत्येक वडा तथा गाउँपालिकाभित्र रहेका सार्वजनिक निकायसम्म हाई स्पीड इनटरनेट सेवा पुऱ्याउने |
| ६ | स्थानिय व्यापार गतिलो नहुनु | व्यवस्थित तथा आधुनिक हाट बजारको व्यवस्था हुन नसकनु | स्थानीय स्तरमा उत्पादित कृषिजनय पदार्थहरु विक्री वितरण हुन नसकने | आधुनिक क्षेत्रगत बजार व्यवस्थापन गर्ने | गाउँपालिका भित्र रहेका हाट बजार |

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

| क्र.स. | समस्या | कारण | परिणाम/असर | के गर्दा अवरोध/समस्या हटाउन मदत मिल्छ ? | समस्यासँग सम्बन्धित लक्ष के हुन सक्छ ? |
|---|---|---|---|---|---|
| १ | बाढीबाट बारम्बार क्षति | नदीको बहाव स्तर माथी उठ्ने र खेती योग्य जग्गामा | | तटबन्ध वलियो बनाउने तथा मर्मत गर्ने | बाढीको जोखिम तथा क्षतिमा कमि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वालुवा भरान | | | |
| | | कमजोर तटबन्ध | | तटबन्धमा वोट विरुवा लगाउने | |
| | | अतिवृष्टि | | उद्धार सामग्रीको व्यवस्था | पूर्व सूचना प्रणाली स्थापना |
| | | नदि छेउछाउमा बोटविरुवाको कमी | | आपत्कालिन कोषको स्थापना | |
| | | | | झटपट झोला वनाउने वारे र विपद् सम्बन्धि जानकारी गराउने | |
| | | | | समुदायमा कार्यदल गठन र परिचालन | |
| | | | | गाउँपालिका र वडा स्तरमा विपद् व्यवस्थापन समितिको गठन | |
| | | | | LDCRP तर्जुमा तथा अध्यावधिक गर्ने | |
| | | | | आपतकालिन कार्य संचालन केन्द्रको स्थापना | |
| | | | | बाढी खप्ने वालीको परिक्षण | |
| | | | | उचो घर निर्माण गर्ने जनचेतना तथा वाध्यकारी नियम | |
| | | | | दश गजा क्षेत्रमा नियमित बहावको व्यवस्था | |
| २ | सुख्खा तथा खडेरी | वन विनास | | सिचाईको उचित व्यवस्था | खडेरीमा कमी |
| | | अव्यवस्थित सिचाई | | कुलो, पैनीको निर्माण | |
| | | अनावृष्टि वा जलवायु परिवर्तन | | डिप बोरिंगको व्यवस्था | |
| ३ | फोहरमैला अव्यवस्थित | जनचेतनाको कमी | | जनचेतना अभिवृद्धि | फोहरमैला व्यवस्थित भएको |
| | | व्यवस्थापन योजनाको कमी | | फोहरमैला व्यवस्थापन योजना | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मृत पशु व्यवस्थापन नभएको | | कुहिन, नकुहिने फोहरको छुट्टाछुट्टै संकलनको व्यवस्था | |
| | | पलास्टिकको अत्यधिक प्रयोग | | फोहरको पुनः प्रयोगको व्यवस्थाको डम्पिंग साइट निर्माण र Recycling | |
| | | | | स्वास्थ्यमा सुधार | |
| ४ | आगलागी | जनचेतनाको कमी | | बाटो फराकिलो बनाउने | आगलागीमा कमी |
| | | | | कच्चि घर वरपर केराको वोट लगाउने | |
| | | | | गोठ ३ फिट सम्म लिपने वारे जनचेतना तथा वाध्यकारी नियम | |
| | | | | वारुण यन्त्रको व्यवस्था | |
| ५ | शितलहर | जलवायु परिर्वतन | | शितलहर सम्बन्धि जनचेतना | शितलहरबाट हुने मृत्यु दरमा कमी |
| | | अत्यधिक सुख्खा | | सहुलियत दरमा हिटरको व्यवस्था | |
| | | | | गरिव तथा प्रभावितलाई न्यानो लुगा वितरणको व्यवस्था | |

**सुशासन तथा संस्थागत विकास**

| क्र.स. | समस्या | कारण | परिणाम/असर | के गर्दा अवरोध/समस्या हटाउन मदत मिल्छ ? | समस्यासँग सम्बन्धित लक्ष के हुन सक्छ ? |
|---|---|---|---|---|---|
| १ | कर्तव्य तथा जिम्मेवारीको बोध नहुनु | समन्वय तथा सहकार्यको कमी | निर्धारित नतिजा हासिल नहुनु | कार्यालय व्यवस्थित र सूचना प्रविधि सम्पन्न हुनुपर्ने | सकारात्मक सोचको विकास भई संस्थागत क्षेत्रमा सुशासन स्थापित गर्ने |
| | | क्षमता विकासको अभाव | गुणस्तरीय सेवा प्रवाहमा अवरोध | क्षमता विकास सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने | |
| | | दक्ष जनशक्तिको अभाव | विकासिय कामकाज सम्पादनमा कठिनाई | | |
| | | स्थानिय कानूनको कमी | | | |
| | | कार्यालय व्यवस्थित नहुनु | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | निर्धारित समयसिमा भित्र कार्य सम्पदान नहुनु | निर्णय प्रकृयामा ढिलासुस्ती | लक्ष्य प्राप्ती नहुनु | नियमन प्रणालीको पूर्ण रुपेण पालना गर्ने | |
| | | अनुगमन तथा मूल्याकंन प्रणालीको प्रभावकारी परिचालन नहुनु | | आफ्नो काम कार्तव्य र जिम्मेवारी सक्रियता साथ निर्वाह गर्ने | |
| | | बनाईएको कानून तथा कार्यविधि वारे अनभिज्ञता | | क्षमता अभिवृद्धिमुलक कार्यक्रम सञ्चालन गर्ने | |
| | | | | दक्ष जनशक्तिको व्यवस्थापन तथा परिचालन गर्ने | |

## २.३ आवधिक विकास योजनाको सोच

"दिगो आर्थिक, सामाजिक, संस्थागत तथा विकासको पूर्वाधार,
मैत्री वातावरण, सुशासनयुक्त समृद्धि गाउँपालिकाको आधार ।"

## २.४ लक्ष निर्धारण

"स्थानीय स्रोत साधनको परिचालन एवम् संस्थागत क्षमता अभिवृद्धि गरी गुणस्तरीय शिक्षा, स्वास्थयमा पहुँच बढाउने र व्यवसायिक कृषि एवम् उद्यम सिर्जना गरी वातावरण मैत्री पूर्वाधार निर्माण गर्दै दिगो विकास हासिल गर्ने ।"

## २.५ विषय क्षेत्रगत लक्ष

### आर्थिक विकास

"व्यवसायिक कृषि, पशु उत्पादन बढाई र कम्पोष्ट मल प्रयोग गरी आर्थिक विकास गर्ने ।"

### सामाजिक विकास

- *शिक्षा*

"शिक्षा सेवाको गुणस्तर बढाउने र सेवामा सबैको पहुँच पुऱ्याउने ।"

- *स्वास्थ्य*

"स्वास्थ्य सेवाको गुणस्तर बढाउने र सेवामा सबैको पहुँच पुऱ्याउने ।"

- *खानेपानी तथा सरसफाई*

"सुरक्षित खानेपानी र सरसफाईमा सबैको समान पहुँच र प्रयोगमा सुनिश्चतता ।"

- *लैंगिक समानता तथा सामाजिक समावेशीकरण*

"बालबालिका तथा महिला विरुद्ध हुने हिंसा, दुर्व्यवहार, विभेद र शोषणको अन्त्य गरी पीडित तथा प्रभावितको न्याय र आवश्यक सेवामा पहुँच र प्रयोग बढाउने ।"

**पूर्वाधार विकास**

"यातायात, सिंचाई र अन्य पूर्वाधारको विकास गरी सार्वजानिक भवन निर्माणको साथै सञ्चार सुविधाको व्यवस्था गर्ने ।"

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

"वन तथा वातावरण संरक्षण गरी विपद् जोखिम न्युनीकरण गर्दै मजबुत समुदायको निर्माण गर्ने ।"

**सुशासन तथा संस्थागत विकास**

"आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी दक्ष तथा क्षमतावान जनशक्ति तयार पार्दै सुशासन कायम गर्ने ।"

## २.६ विषयक्षेत्रगत नतिजा तथा सुचकहरुको अवस्था विश्लेषण

विकासका प्रयासहरुलाई एकीकृत गरी विकासको मूल ध्येयतर्फ अग्रसर गराउन तथा लक्ष्य प्राप्त गर्न नतिजामूलक योजनाको ढाँचामा एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गरिएको छ। नतिजामूलक ढाँचा परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको छ। योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास विषय क्षेत्रगतहरुमा एकीकृत गरिएको छ । परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको गाउँपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तलको *तालिका-३* बमोजिम रहको छ :-

**तालिका-३** : विषयक्षेत्रगत नतिजा तथा सुचकहरुको अवस्था विश्लेषण

**आर्थिक विकास**

| क्र.स. | नतिजाहरु | सूचक | आ.व.२०७५/०७६ को अवस्था | आवधिक योजनाको अन्तमा हुने अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | उन्नत विउबिजन र कम्पोस्ट प्राविधि मल प्रयोग गरी खाद्यान्न तथा तरकारीमा बृद्धि गर्ने | खाद्यान्न तथा तरकारी उत्पादन परिणाम गर्ने | ४२७१ मेट्रिक टन धान | ५५५३ मेट्रिक टन (३० %) बृद्धि | |
| | | | १२७१ मेट्रिक टन गेहुँ | १७८० मेट्रिक टन (४० %) बृद्धि | |
| | | | १९ मेट्रिक टन मकै | २५ मेट्रिक टन (३० %) बृद्धि | |
| | | | २९ हेक्टरमा २५३ मेट्रिक टन बर्षे तरकारी | ३८० मेट्रिक टन (५० %) बृद्धि | |
| | | | ५६ हेक्टरमा ७९८ मेट्रिक टन हिउँदे तरकारी | ९८ हेक्टरमा १३९५ मेट्रिक टन (७५ %) बृद्धि | |
| | | | ६.७ हेक्टरमा ६७ मेट्रिक टन बेमौसमी तरकारी | ११ हेक्टरमा ११८ मेट्रिक टन (७५ %) बृद्धि | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | मासु तथा दुध पदार्थको उत्पादन बढाउने | उन्नत जातको बाखा वितरण गर्ने | लोकल बाखा १५ देखि ४५ किलो | उन्नत जातका बाखा (बोका) २५ देखी ६५ किलो सम्मका | |
| | | उन्नत घाँस खेती | १६ हेक्टरमा घाँस रहेको | ८० हेक्टरमा घाँस भएको | |
| | | गाई, भैसी बाखामा अनुदान दिने | १०० मेट्रिक टन गाई भैंसीको दुध उत्पादन भई रहेको | २५० मेट्रिक टन गाँई भैंसीको दुध उत्पादन बढाउने | |
| | | नमुना रुपमा टर्की कुखुरा कार्य व्यवसाय लाई प्रोत्साहन गर्ने | छैन | ५००० सम्मको टर्की खुकुरा फर्मको व्यवस्था गर्ने | |
| ३. | स्वरोजगार सृजना गर्ने | सिप विकास, वर्कशप निर्माण, संरक्षण र प्रवर्द्धन गर्ने | सिप मुलक तालिमहरु भएको | बेरोजगार युवा युवतीहरुलाई आय मुलक तालिम दिई दक्ष बनाउने | |
| ४. | डमपिंग साईड निर्माण गर्ने | ८ वटा वडाहरुबाट फोरमैला संगलन गरी कुहिने नकुहिने छुटयाई कम्पोष्ट मल तयार गर्ने | नरहेको | डमपिंग साईड निर्माण गरी सेवा प्रभावकारी रुपले प्रयोगमा ल्याउने | |
| ५. | कृषि सहकारीको विकास र कृषिहाट बजार व्यवस्थापन र विस्तार गर्ने | कृषि समुह, सहकारी गठन गरी सामुहिक व्यवसायिककरण गर्ने | ८ वटा कृषि सहकारी १७ वटा कृषि समुह | सहकारी निति नियम निर्माण गरी प्रत्येक वाडामा पहुँच पुऱ्याउदै कार्यान्वयन गर्ने | |
| ६. | सिंचाईको व्यवस्था मिलाउने | प्रत्येक किसानको हाथमा सिंचाईको व्यवस्था गरी आधुनिकीकरण तरीकाबाट खेती गर्नमा सुविधा पुऱ्याउने | ११७६ हेक्टर जग्गामा सिंचाई | २४१४ हेकटर जग्गामा सिंचाई पुऱ्याउने | केन्द्र सरकारबाट<br>प्रदेश सरकारको नीति अनुरुप प्रत्येक किसानको हातमा पानी<br>कोशी नहरलाई पोतेको कुलोहरु मर्मत एवंम विस्तार गराउने |
| ७. | कोल्ड स्टोर सेयर खरिद | किसानहरुले आफ्नो उत्पादन भण्डारण गर्ने गरेको | छैन | कृषिबाट उत्पादित सामग्री भण्डारण गर्ने गरेको | राजविाज नगरपालिकाको नव निर्मित कोल्ड स्टोरमा सेयर खरिद गर्ने |

**समाजिक विकास**

शिक्षा

| क्र.स. | नतिजाहरु | सूचक | आ.व.२०७५/०७६ को अवस्था | आवधिक योजनाको अन्तमा हुने अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | गुणस्तरीय शिक्षा (विद्यालय जाने उमेरका ४ देखि १६ बर्षका (बालबालिकाले) प्राप्त गरेका हुनेछन् । | आधारभुत तहमा प्रत्येक कक्षा अनुसारको एक जना शिक्षक हुने | ४३ जना स्थायी शिक्षक | ८२ जना स्थायी शिक्षक भएको | संघीय सरकारबाट |
| | | | ३ जना महिला शिक्षक | १३ जना महिला शिक्षिका भएको | संघीय सरकारबाट |
| | | माध्यमिक तहमा प्रत्येक विद्यालयमा ७ जना विषयगत शिक्षक हुने | ४३ जना स्थायी शिक्षक | ६० जना स्थायी शिक्षक भएको | संघीय सरकारबाट |
| | | | १ जना महिला शिक्षक | ४ जना महिला शिक्षक भएको | संघीय सरकारबाट |
| | | आधारभुत तहमा न्युनतम ९ वटा र माध्यमिक तहमा न्युनतम ६ वटा गरी जम्मा १५ वटा कक्षा कोठा हुनुपर्ने | आधारभुत तहमा जम्मा ८१ वटा कक्षा भएको | आधारभुत तहमा जम्मा ३२ वटा कक्षाकोठा थप भएको हुने | संघीय सरकारबाट |
| | | | माध्यमिक तहमा जम्मा ६३ वटा कक्षाकोठा भएको | माध्यमिक तहमा जम्मा ८० वटा कक्षाकोठा थप भएको हुने | संघीय सरकारबाट |
| | | मातृभाषामा पठनपाठनको व्यवस्था हुने | पाठ्य सामग्री न्युन मात्रामा उपलब्ध रहेको | पाठ्य सामग्री आवश्यक मात्रामा पूरा भएको | |
| | | प्राविधिक ( इलेक्ट्रिकल) शिक्षामा माध्यमिक विद्यालयको स्थापना हुनुपर्ने | नभएको | प्राविधिक शिक्षा एउटा मा. वि. इलेक्ट्रिकलको स्थापना भएको | |
| | | गा.पा.को कार्यविधि अनुसार प्रत्येक विद्यालयमा SMC, PTA र CC को गठन भएको | १२ विद्यालयमा SMC, ४ विद्यालयमा PTA र १७ विद्यालयमा CC रहेको | ५ वटा विद्यालयमा SMC र १३ वटा विद्यालयमा PTA गठन भएको | |
| | | आधारभुत विद्यालयमा ५ कठ्ठाको समतल तथा पानी नजम्ने घेराबेरा (Boundary Wall) सहितको खेल मैदान हुने | २ वटा विद्यालयमा Boundary Wall नभएको खेल मैदान रहेको | ४ वटा विद्यालयमा Boundary Wall सहितको खेल मैदान पूरा भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रत्येक विद्यालयमा १/१ वटा पुस्तकालय र प्रयोगशाला हुने | १ वटा विद्यालयमा मात्र भएको | १६ वटा विद्यालयमा थप पूरा भएको | |
| | | प्रत्येक शिक्षक तालिम प्राप्त भएको हुने | १०० प्रतिशत स्थायी शिक्षक | प्रत्येक वर्ष विषयगत, आधारभुत र पुनरताजगी तालिम २० % लाई दिइएको | |
| | | कार्य मुल्यांकन गरी शिक्षकलाई अध्ययन अनुसन्धान भ्रमण र प्रोत्साहन स्वरुप सम्मान गरिएको हुने | नभएको | प्रत्येक वर्ष ५ % शिक्षकलाई दिइएको | |
| | | प्रभावकारी विद्यालय अनुगमन गरी शिक्षण सिकाई मापन भएको हुने | प्रत्येक विद्यालयमा बार्षिक २ पटक अनुगमन भईरहेको | प्रत्येक विद्यालयमा बार्षिक ४ पटक अनुगमन भइरहेको | |
| | | अनिवार्य रुपमा अतिरिक्त क्रियाकलापका लागि नीति कार्यान्वयन गर्ने | भईरहेको | शैक्षिक क्यालेण्डर अनुसार नियमित रुपमा भएको | |
| | | विद्यार्थीको क्षमता विकासका लागि गृहकार्य (होमवर्क) सेसन र बाल भेला विज्ञान प्रर्द्रशनी जस्ता क्रियाकलाप भएको हुने | भईरहेको छैन | वर्षको एक पटक भई रहेको | |
| | | कक्षा ९ देखि १२ सम्मका बालिकाहरुको विद्यायल छाड्ने दरमा कमी भई निरन्तरता दर बढेको हुने | २० % विद्यालय छाड्ने दर रहेको | ० % मा पुऱ्याउने | |
| | | सबै विद्यालयमा ऱ्याम भएको हुने | हाल नयाँ भवनमा मात्र भएको | सबै विद्यालयको भवनमा ऱ्याम भएको हुने | संघीय सरकारबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आपाङ्गता भएको बालबालिका पठ्नपाठनबाट नरहने | व्यवस्था नभएको | आपाङ्ताको किसिम अनुसारको सुविधा सम्पन्न विद्यालयमा पढ्न पठाएको नीति लिएको हुने | |
| | | बालमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणा | नभएको | ८ वटै वडामा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति अनुरुप तालिम दिई अवलम्वन तथा घोषणा | |
| | | अभिभावक भेला | न्युन भएको | १७ वटा विद्यालयमा बर्षको १ पटक अभिभावक भेला भएको | |
| | | बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई प्रोत्साहित गर्ने | नभएको | बालविकास केन्द्रका २३ जना सहयोगी कार्यकर्तालाई प्रोत्साहित गर्ने गरेको | |
| | | करार तथा निजी शिक्षकको व्यवस्था गर्ने | नभएको | शिक्षक अपुग भएको विद्यालयमा आवश्यकता अनुसार करार तथा निजी शिक्षक भर्ना गर्ने | |

स्वास्थ्य

| क्र.स. | नतिजाहरु | सूचक | आ.व.२०७५/०७६ को अवस्था | आवधिक योजनाको अन्तमा हुने अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | पोषणयुक्त खाना बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत गर्भवत्ती, सुत्केरी, किशोरी तथा परिवारका सबै सदस्यहरु (विशेष लक्षित ५ बर्ष मुनीका बालबालिका) लाई जानकारी गराई कुपोषणमा न्युनीकरण गर्दै कार्यान्वयनमा ल्याउने | बालबालिका, गर्भवत्ती, सुत्केरी, किशोरहरुको पोषणको स्थिति सुधार भएको हुने | ३० % | ८० % | |
| | | पूर्ण स्तनपान, पूरक खाना, सरसफाइ, हरेकवार खाना चार, हरेक घरमा पशुजन्य तथा कृषिजन्य श्रोतको प्रयोगमा सुधार हुने | १५ % | ६० % | |
| | | शीघ्र कुपोषणका ५ बर्ष मुनीका बालबालिकामा | ८३ जना | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कमि भएको | | | |
| | | बालबालिका, किशोरी, गर्भवती र सुत्केरीमा हुने Anemia मा कमि ल्याउने | ५० % | २० % | |
| | | हरेक प्रकारका सुक्ष्म पोषणको कमीमा सुधार आएको | ८० % | ५० % | |
| २. | गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चत हुने र त्यसका लागि HFOMC / गा.पा. स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति / वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरु सक्रिय रहने | दक्ष जनशक्ति भएको हुने | ५० % | १०० % | |
| | | स्वास्थ्य चौकी भवन भएको | ५ वटा | ३ वटा | |
| | | औजार उपकरणयुक्त बर्थिङ्ग सेन्टर भवन भएको | ४ वटा | ४ वटा | |
| | | Lab को व्यवस्थापन, सञ्चालन र औषधि भएको | १ वटा | ७ वटा | |
| | | Ambulance सेवा भएको | १ वटा | २ वटा | |
| | | गा.पा. स्तरीय १५ शैंयाको अस्पताल निर्माण तथा सञ्चालन भएको | छैन | १ वटा | |
| | | विरामीहरुका लागि औषधि खरिद तथा वितरण गरेको | पर्याप्त नभएको | १०० % | |
| | | करारमा अ.न.मी., ल्याव असिस्टेन्ट, स्वीपर र का.स. भएको | पर्याप्त नभएको | १०० % | |
| ३. | पाठेघर झर्ने समस्यामा कमी आउने (बाल विवाह, धेरै सन्तान, घरमा सुत्केरी गराउने चलन, महिलाको कार्यबोझ निरुत्साहित गर्ने | पाठेघर झर्ने समस्यामा कमी आएको | २५ % | ५ % | |
| | | स्वास्थ्य शिविर सञ्चालन भएको | १ पटक | १० पटक | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | माहामारी जन्य सरुवा रोग नियन्त्रण ( झाडापखाला, Jaundice, Hepatitis, Skin Disease, Measels, Typhoid Fever, etc.) | माहामारी जन्य सरुवा रोग नियन्त्रणका लागि प्रतिबर्ष अभियान सञ्चालन गर्ने भएको | छैन | ८ पटक प्रतिबर्ष | |

खानेपानी तथा सरसफाई

| क्र.स. | नतिजाहरु | सूचक | आ.व.२०७५/०७६ को अवस्था | आवधिक योजनाको अन्तमा हुने अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | एक घर एक चर्पी निर्माण भई प्रयोग मैत्री भएको सुनिश्चित गर्नका लागि अनुगमन, बैठक, छलफल, अन्तर्क्रिया, तालिम, अवलोकन भ्रमन आदि | सबैको घरहरुमा चर्पी भएको | ६,६५६ घरधुरीमा मात्र चर्पी भएको | १०० % घरहरुमा चर्पी निर्माण भई प्रयोग भएको | |
| | | खुल्ला ठाउँमा दिशा नदेखिएको | खुल्ला ठाउँमा दिशा देखिएको | खुल्ला ठाउँमा दिशा नदेखिएको | |
| | | चर्पी सफा भएको, पानी भएको, डस्टविन भएको, बच्चा,बृद्ध, अपाङ्गता भएका व्यक्तिहरु जान सक्ने भएको साथै महिनावारीको समयमा प्याड फाल्ने वा जलाउने ठाँउ भएको | नभएको | प्रयोग मैत्री शौचालयहरु भएको | |
| २. | साबुन पानीले हात धुने बानी व्यवहार परिवर्तनका लागि जनचेतना मुलक कार्यक्रम, सडक नाटक, पर्चा पम्प्लेट बनाउने, रेडियो एफ.एम. बाट सूचना बजाउने, छलफल, अनुगमन तथा तालिम | हात्त धुनका लागि सावुन पानीको व्यवस्था भएको | घरधुरी सर्वेक्षण अनुसार ५० % मात्र भएको | १०० % घरहरुमा व्यवस्था भई प्रयोग भएको र व्यवहारमा परिवर्तन भएको | |
| | | खाना पकाउन अगाडि, खाना खुवाउनु र खान अगाडि, बच्चाको दिशा धोएपछि, फोहोर छोएपछि सावुन पानीले हात्त धुने गरेको | | | |
| ३. | सार्वजनिक शौचालयहरु | महिला र पुरुषहरुका लागि | नभएको | पूरा भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | निमार्ण र प्रयोग मैत्री भएको | छुट्टाछुट्टै शौचालय भएको | | | |
| | | महिला र पुरुषहरुका लागि छुट्टाछुट्टै पिसाव फेर्ने ठाउँ (युरिनल) भएको | नभएको | पूरा भएको | |
| | | डस्टविन भएको, साबुन पानी भएको, प्याड फाल्ने वा जलाउने ठाँउ भएको | नभएको | पूरा भएको | |
| | | सरसफाई कुन्ना भएको | नभएको | पूरा भएको | |
| | | बालमैत्री, अपाङ्गमैत्री भएको | नभएको | पूरा भएको | |
| ४. | संस्थागत शौचालहरुलाई प्रयोग मैत्री बनाउने, हात धुने ठाउँ, पानिको धारा बनाउने (सामुहिक रुपमा हात धुनको लागि) प्याड फाल्ने र जलाउने ईन्सीनेटर बनाउने, साबुन राख्ने, टावेल राख्ने, डस्वीन राख्ने, खानेपानी राख्ने | डस्टविन भएको, साबुन पानी भएको, प्याड फाल्ने वा जलाउने ठाँउ भएको | नभएको | पूरा भएको | |
| | | सरसफाई कुन्ना भएको | नभएको | पूरा भएको | |
| | | बालमैत्री, अपाङ्गमैत्री भएको | नभएको | पूरा भएको | |
| ५. | ८ वटा खानेपानी योजना निमार्ण गर्ने | पानी जन्य रोगहरुमा कमी भएको | ५ वटा बन्दै गरेको | ८ वटा योजना प्रदेश र संघ सरकारबाट माँग भई बनेको | |
| | | पोखरीको पानीको प्रयोगमा कमी भएको वा नगरेको | | | |
| | | सबै घरहरुमा खानेपानीको धारा जडान भई प्रयोग भएको | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | संस्थागत रुपमा खानेपानी सरसफाई र स्वच्छता समन्वय समिति (WASH-CC) गठन भई क्रियाशिल रहेको (बैठक, छलफल, अनुगमन, तालिम, अर्न्तक्रिया ) | खानेपानी सरसफाई र स्वच्छता समन्वय समिति (WASH-CC) गठन भएको | पालिका स्तरमा भएको तर वडाहरुमा नभएको | सबै वडाहरु तथा पालिका स्तरमामा गठन गरी क्रियाशिल बनाउने | |
| | | समय समयमा बैठक बसी छलफल तथा निर्णय गरेको | | | |
| | | नियमित रुपमा अनुगमन गर्ने गरेको | | | |
| ७. | सुरक्षित खानेपानीमा सबैको पहुँच भएको (पानीको परीक्षण, पानी शुद्धिकरण गर्ने, अभिमुखिकरण, छलफल, अनुगमन, स्टिकर टाँस्ने) | खानेपानीको श्रोतहरु परीक्षण गरी लेवलिङ् गरेको | सबै खानेपानीहरु सुरक्षित नभएको | सबै खानेपानी योजनाहरु र व्यक्तिगत खानेपानी परीक्षण गर्ने | |
| | | खानेपानी शुद्धिकरणका विधिहरु प्रयोग गरेको | पानी परीक्षण गर्ने नगरिएको | | |
| | | सबै समुदायहरु सुरक्षित खानेपानी भएको समुदायको रुपमा घोषणा भएको | नभएको | सुरक्षित खानेपानी समुदाय घोषणा गर्ने | |
| ८. | व्यक्तिगत, सामुहिक तथा सार्वजनिक फोरोरमैला व्यवस्थापन ( अभिमुखिकरण, अनुगमन, छलफल) | प्रत्येक घरहरुमा फोहार व्यवस्थापनका लागि फोहोरमैलालाई वर्गिकरण गरेको, डस्टविन, खाल्डो भएको | नभएको | व्यक्तिगत रुपमा फोहारमैलाहरुको वर्गिकरण गरी व्यवस्थापन गर्ने गरेको | |
| | | सामुहिक फोहोर व्यवस्थापनका लागि चोक, बजार, बाटोहरुमा फोहोर फाल्ने ठाउँ भएको | नभएको | सामुहिक वा सार्वजनिक र संस्थागत फोहोरहरुको वर्गिकरण गरी व्यवस्थापन गर्ने गरको । | |
| | | दिशाजन्य लेदो व्यवस्थापनका लागि पालिका स्तरमा सेप्टी | नभएको | दिशा फाल्न सेप्टी ट्याङ्कको व्यवस्था भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ट्याङ्क भएको | | | |
| | | पालिका स्तरमा फोहोर फाल्ने, जम्मा गर्ने, फोहोर व्यवस्थापन गर्ने ठाँउ (ड्याम्पिङ साईड) पहिचान गरी व्यवस्थापन गर्ने गरेको | नभएको | फोहोर व्यवस्थापन गर्न Land Field निर्माण भएको । | |
| | | वायो ग्याँसलाई प्रवर्द्धन गर्ने गरेको | नभएको | पूरा भएको | |

लैंगिक समानता तथा सामाजिक समावेशीकरण

| क्र.स. | नतिजाहरु | सूचक | आ.व.२०७५/०७६ को अवस्था | आवधिक योजनाको अन्तमा हुने अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | २० वर्ष भन्दा कम उमेरमा हुने विवाह शुन्यमा रहने | बालविवाहको स्थिति प्रतिवेदन तयारी | ६८.८ % (NMICS, 2014) | ० % | |
| | | धर्मगुरु, मैनजन, समुदायका अगुवा, अभिभावकहरुलाई अभिमुखीकरण तथा छलफल | | | |
| | | किशोरी समूह निर्माण, बालसंरक्षण समितिहरु, न्यायीक समिति, मेलमिलाप समिति, महिला समुह, लैङ्गिक हिंसा निगरानी समूह, बालक्लब, बालक्लब सञ्जाल आदिको क्षमता अभिवृद्धि र परिचालन | | | |
| | | सूचनामुलक भित्ते लेखन, होडिङबोर्ड, पर्चा, पम्प्लेट, पोष्टर, स्टिकर आदिको व्यवस्था र सडक नाटक प्रदर्शन | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | एक वर्ष मुनिका बालबालिकाको जन्मदर्ता भएको हुनेछ | एक महिने जन्मदर्ता अभियान सञ्चालन (विद्यालय भर्ना अभियानसँगै) | सूचना नभएको | १०० % | |
| | | किशोरी समूह, आमा समूह, बालसंरक्षण समितिहरु, महिला समुह, लैङ्गिक हिंसा निगरानी समूह, बालक्लब, बालक्लब सञ्जाल आदिको परिचालन | | | |
| ३. | १८ वर्ष भन्दा कम उमेरका बालबालिका कुनै पनि जोखिमपूर्ण श्रममा संलग्न नरहेको | बालश्रमको अवस्था प्रतिवेदन तयारी | सूचनानभएको । | ० % | |
| | | बालश्रम रहन सक्ने श्रमका क्षेत्रहरुको पालिका स्तरीय बालसंरक्षण समितिबाट अनुगमन, नियमन | २८ % (NMICS, 2014) | | |
| | | बालश्रम विरुद्धका नीति निर्माण र सूचना संप्रेषण | | | |
| | | बालश्रमिकहरुको उद्धार र पुनर्स्थापना | | | |
| | | बालश्रममुक्त गाउँपालिका घोषणा | | | |
| ४. | उजुरी परेका हिंसाबाट पीडित तथा प्रभावितहरुले आवश्यक सेवा तथा सहयोग प्राप्त गरेका हुनेछन् | लैगिंक हिंसान्यूनीकरणका लागि आवश्यक निर्देशिका निर्माण (संघ तथा प्रदेशले जारी गरेका नीतिनियमको परिमार्जन सहित अवलम्वन तथा स्थानीयकरण) | नभएको | १०० % | न्यायिक समिति, प्रहरी कार्यालय र मेलमिलाप केन्द्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | हिंसा पीडित तथा प्रभावितहरुका लागि सेवा तथा सहयोग प्रदान गर्ने, कोष स्थापना र सञ्चालन निर्देशिका तयारी | | | |
| | | न्यायीक निकायहरु र सरोकारवालाहरुको क्षमता अभिवृद्धि तथा नियमित समन्वय बैठक | | | |
| | | महिला तथा बालबालिका विरुद्ध हुने हिंसाका बारेमा पुरुष सहभागिता सहितको सचेतना अभिवृद्धि | | | |
| | | पीडित तथा प्रभावितहरुका लागि आपत्कालिन सुरक्षित आवास गृहको व्यवस्था | | | |
| | | पीडित तथा प्रभावितहरुका लागि मनोसामाजिक सेवा | | | |
| | | किशोरीहरु त्था महिलाहरुलाई आत्मरक्षा तालिम | | | |
| | | महिला तथा बालबालिका माथि हुने हिंसालाई प्रसय दिने खालका परम्परा, कुसंस्कार, चलनचल्ती, दाइजो प्रथा आदिका विरुद्धमा सचेतना अभिवृद्धि | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सचेतनामुलक सामग्री निर्माण, छपाई र वितरण | | | |
| ५. | लागूपदार्थ दुर्व्यसनी न्यूनीकरण भएको हुनेछ | अवैध र अनियमित रुपमा सञ्चालनमा रहेका मदिरा उद्योग तथा विक्री केन्द्रहरुको नियमन र व्यवस्थापन | सूचना नभएको | ७५ % | |
| | | १८ बर्ष मुनीका बालबालिकालाई धुम्रपान तथा मद्यपानजन्य वस्तु विक्री वितरण नगर्ने भनी मदिरा उद्योग तथा विक्रेताहरुको दर्ता नविकरण गर्दा अनिवार्य शर्त लागु गर्ने | | | |
| ६. | परम्परागत कु-संस्कार, कु-प्रथा जस्ता विभेद अन्त्य भएको हुनेछ (धामीझाँक्री, दाईजो प्रथा, छुवाछुत, आदी) | उजुरी सँख्या | सूचना नभएको | १०० % | |
| | | सामाजिक शाखा र संस्थाहरुको प्रतिवेदन | | | |
| ७. | बालबालिका र महिलाको शसक्तिकरण भएको हुनेछ | बालबालिकाहरुमा आत्म सुरक्षाजन्य सीप विकास | | ५० % | |
| | | महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर भएको | | | |
| ८. | स्थानीय भाषा, कला र संस्कृतिको जगेर्णा भएको हुनेछ | पालिका स्तरमा भाषा, कला र संस्कृति सम्बन्धी विभिन्न किसिमका प्रतियोगीता र कार्यक्रमको आयोजना | | १०० % | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | बालबालिका, महिला हिंसा तथा लैंगिक विभेद विरुद्ध पुरुष सहभागिता र अभियान सञ्चालित भएको हुनेछ | अवधारणागत स्पष्टता गर्न नीति अवलम्वन र कार्यान्वयन | समान्य | औसतमा ५०/५० % सहभागिता सुनिश्चित गर्ने । | |

## पूर्वाधार विकास

| क्र.स. | नतिजाहरु | सूचक | आ.व.२०७५/०७६ को अवस्था | आवधिक योजनाको अन्तमा हुने अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | सबै वडाहरु सडक सञ्जालमा जोडिएको र सडक यातायात सहज हुने | ग्राभेल सडक भएको | ११.२ कि.मी. भएको | २५ कि.मी. बनेको | ८० % गा.पा. र २० % प्रदेश सरकारबाट |
| | | नाला तथा ढल निकास भएको | २०० मी. भएको | ८.२ कि.मी. बनेको | ५० % गा.पा. र ५० % प्रदेश तथा केन्द्र सरकारबाट |
| | | ढलान सडक भएको | १.५ कि.मी. भएको | ४० कि.मी. बनेको | ५० % गा.पा. र ५० % प्रदेश तथा केन्द्र सरकारबाट |
| | | पुल भएको | २ वटा भएको | ८ वटा बनेको | प्रदेश तथा केन्द्र सरकारबाट |
| | | कलभट भएको | नयाँ योजनामा नभएको | १३ वटा बनेको | गा.पा. बाट |
| | | झोलुङ्गे पुल भएको | २ वटा निर्माधीन अवस्था रहेको | ७ वटा बनेको | प्रदेश सरकारबाट |
| | | कालो पत्रे (जिल्ला स्तरीय) सडक निर्माण भएको | ४.५१ कि.मी. निर्माण भएको | १८.९ कि.मी. निर्माण भएको | प्रदेश तथा केन्द्र सरकारबाट |
| | | निर्मित सडक मरम्मत तथा सम्भार भएको | पुराना सडकमा खाल्डो तथा कटान भएको | प्रतिबर्ष २ कि.मी.का दरले १० कि.मी.सडक मरम्मत भईसकेको | ८० % गा.पा. र २० % प्रदेश सरकारबाट |
| २. | सरकारी तथा सामुदायिक भवन राष्ट्रिय भवन संहिता अनुसार निर्माण गरी सरकारी तथा सामुदायिक भवनबाट प्रभावकारी सेवा प्रवाह हुने | अस्पताल निर्माण भएको | नभएको | गा.पा.स्तरीय १ वटा अस्पताल निर्माण भई सञ्चालन भएको | केन्द्र सरकारबाट |
| | | विद्यालय भवन निर्माण भएको | १४४ वटा कक्षाकोठा रहेको | २०० वटा कक्षाकोठा निर्माण निर्माण भईसकेको | गा.पा. र केन्द्र सरकारबाट |
| | | खेल मैदान निर्माण भएको | हाल खेल मैदान स्तरीय नरहेको | ३ मा.वि. स्तरको विद्यालयमा स्तरीय खेल मैदान निर्माण हुने | गा.पा. र केन्द्र सरकारबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गाउँपालिका भवन निर्माण | गाउँपालिकाको कार्यालय अन्य कार्यालयको भवनमा सञ्चालन भईरहेको | आफ्नो भवनमा गाउँपालिकाको सञ्चालन भई प्रभावकारी सेवा प्रदान गर्ने | गा.पा. बाट |
| | | वडा कार्यालय भवन निर्माण भएको | ६ वटा वडामा मात्र वडा भवन भएको | ८ वटै वडा कार्यालय आफ्नो भवनमा सञ्चालन हुने | गा.पा. बाट |
| | | ८ वटा सामुदायिक भवन निर्माण | हाल सामुदायिक भवन नरहेको | प्रत्येक वडामा सामुदायिक भवन हुनेछ | गा.पा. बाट |
